नेपाल सरकार
गृह मन्त्रालय

अध्यागमन विभाग

(प्रशासन शाखा)

फोन : ४४२९६६०
फ्याक्स : ४४३३९३५

कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np

पत्र संख्या : २०८३/८४
चलानी नं.

नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभाग २०४६

अध्यागमन कार्यालय, टिम्बुरे रसुवामा कार्यरत कर्मचारीहरू सम्बन्धी सूचना।

आज बिहान रसुवा जिल्लाको टिम्बुरे क्षेत्रमा रहेको भोटेकोशी नदीमा आएको बाढीका कारण अध्यागमन कार्यालय, टिम्बुरे, रसुवामा कार्यरत कर्मचारीहरू हालसम्म सम्पर्कविहीन रहेको अवस्था छ। यस सम्बन्धमा घटनालगत्तै अध्यागमन विभागले गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय रसुवा तथा स्थानीय सुरक्षा निकायहरूसँग निरन्तर समन्वय गरिरहेको छ। सम्पर्कविहीन कर्मचारीहरूको अवस्था यकिन गर्न तथा खोज तथा उद्धारसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सञ्चार भइरहेको छ।

अध्यागमन विभागले संचालनमा ल्याएको सूचना प्रणाली (नेपालीपोर्ट) बाट प्राप्त User Activity Log र अन्य स्रोतबाट समेत बुझ्दा देहायका कर्मचारीहरू हालसम्म सम्पर्कविहिन रहेको प्रारम्भिक रूपमा बुझिन आएको छ।

सि.नं.	कर्मचारी संकेत नं.	कर्मचारीको नामथर	पद	स्थायी ठेगाना	नेपाली पोर्टमा रहेको Last Activity Log: Date/Time
१	२०२५२१	श्री यादव भण्डारी	अध्यागमन अधिकृत	रूपौलिया-३, नवलपरासी	2026-08-25, 13:56:59
२	१९६७२८	श्री दुर्गा प्रसाद पोखेल	वरिष्ठ अध्यागमन सहायक	इटहरी-५, सुनसरी	2026-08-26, 08:07:40
३	२६२१४६	श्री पार्वती मानन्धर	अध्यागमन सहायक	सुनापति-५, रामेछाप	2026-08-26, 08:35:03
४	-	श्री छिरिङ्ग ल्हामु तामाङ	कार्यालय सहयोगी	टिम्बुरे, रसुवा	-

उल्लिखित कर्मचारीहरूको सम्बन्धमा थप आधिकारिक विवरण प्राप्त हुनासाथ सार्वजनिक गरिनेछ। विपद्को यस कठिन र संवेदनशील घडीमा अपुष्ट सूचना वा अनुमानमा आधारित विवरण सम्प्रेषण नगरी सम्बन्धित सरकारी निकायबाट जारी हुने आधिकारिक सूचनामा मात्र विश्वास गर्नुहुन समेत सबैमा अनुरोध गरिन्छ।

.....
अध्यागमन विभाग

मितिः २०८३/०५/१० (समय २२:०० बजे)
नेपाल सम्वत्: ११४६